बैठक संख्या: ३४।२०८०

बैठक मितिः २०८०।१२।१५, समयः बिहान ११:०० बजे

स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८०।१२।१५ गते बिहिबार बिहान ११:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री सिता ढुङ्गेल फुयाल | का.बा.वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री शिवशंकर राजधामी | वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष (वडा नं. ९) | — |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित** | | | |
| १ | श्री बिरेन्द्र सिग्देल | लेखा अधिकृत | |
| २ | श्री आशिष काफ्ले | अपाङ्गता सहायता सहजकर्ता | |
| ३ | श्री निरज चौधरी | स.क.अ | |

**बैठक संख्याः ३४।२०८०**
**बैठक मितिः २०८०।१२।१५, समयः बिहान ११:०० बजे**
**स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल**

**प्रस्तावहरु :**

१. प्रस्ताव नं. १ : वितिय समानिकरण अनुदान रकम घटेको सम्वन्धमा ।
२. प्रस्ताव नं. २ : प्रदेश समपुरक अनुदानको लागि प्रस्ताव पेश गर्ने सम्वन्धमा ।
३. प्रस्ताव नं. ३ : ओ एण्ड एम पुनरावलोकन सम्वन्धमा ।
४. प्रस्ताव नं. ४ : राजस्व सफ्टवेर संचालनको प्राविधिक सेवा शुल्क भुक्तानी सम्वन्धमा ।
५. प्रस्ताव नं. ५ : नगर स्तरिय उपमेयर ब्याडमिन्टन प्रतियोगिताको खर्च भुक्तानी सम्वन्धमा ।
६. प्रस्ताव नं.६ : इलाका प्रहरी कार्यालय व्यवस्थापनको वजेट बाडफाँड सम्वन्धमा ।
७. प्रस्ताव नं. ७ : देविलालको घरदेखि धनवहादुर नहरसम्मको सडक कालोपत्रे गर्ने सम्वन्धमा ।
८. प्रस्ताव नं. ८ : सहकार्य टोल विकासको बाटो मर्मतको भुक्तानी सम्वन्धमा ।
९. प्रस्ताव नं. ९ : बायोग्याँस जडान सम्बन्धमा ।
१०.प्रस्ताव नं. १० : कृषि विकास कार्यक्रमको अनुदानग्राही छनौट सम्वन्धमा ।
११.प्रस्ताव नं. ११ : कर्मचारीलाई प्रोत्साहन भत्ता रकम उपलब्ध गराउने सम्वन्धमा ।
१२.प्रस्ताव नं. १२ : आर्थिक सहायता सम्बन्धमा ।
१३.प्रस्ताव नं. १३ : जिल्ला प्रशासन कार्यालयको पत्र सम्वन्धमा ।
१४.प्रस्ताव नं. १४ : सटर भाडा सम्बन्धमा ।
१५.प्रस्ताव नं. १५ : चमेना गृह संचालन सम्बन्धमा ।
१६.प्रस्ताव नं. १६ : झुम्का आधारभुत अस्पताल स्थानान्तरण एवम स्तरोन्नती सम्बन्धमा ।
१७.प्रस्ताव नं. १७ : सडक मर्मत सम्भार सम्वन्धमा ।
१८.प्रस्ताव नं. १८ : गाडी भाडा सम्बन्धमा ।
१९.प्रस्ताव नं. १९ : विधायन समितिमा कर्मचारी तोक्ने सम्बन्धमा ।
२०.प्रस्ताव नं. २० : चौसठ्ठी विघाको वस्तिको समस्या सम्वन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं. १**

कोष तथा लेखा नियन्त्रक कार्यालय, इनरुवा, सुनसरीको च.नं.४३० मिति २०८०।११।१८ गतेको समानिकरण अनुदान निकासा फिर्ताको लागि अनुरोध भई आए बमोजिमको संघीय वित्तीय समानिकरण अनुदानको रकम रु.२,८२,८४,६९०।— (दुइ करोड बयासी लाख चैरासी हजार छ सय नब्बे रुपैंया मात्र ।) कोष तथा लेखा नियन्त्रक कार्यालय, इनरुवा, सुनसरीमा निकासा फिर्ता पठाउनु पर्ने भएकोले चालु आ.व. २०८०।०८१मा स्वीकृत बार्षिक कार्यक्रम बमोजिम संघीय समानिकरण अनुदान तर्फवाट वजेट विनियोजन भई संचालनमा रहेका र संचालन हुने योजनाहरुको लागि अपुग हुने बजेट रकम रामधुनी नगरपालिका कार्यालयको दोस्रो तल्ला निर्माणमा विनियोजित रकम

रु.१,५०,००,०००।— र रामधुनी नगरपालिकाको आन्तरिक आय, राजस्व बाडफाँडबाट प्राप्त बजेट, प्रदेश समानिकरण तर्फबाट बजेट बिनियोजन भएका संचालन हुन बाँकी रहेका योजनाहरुको बजेट लगायत ठेक्का लगाइ बचत हुन आएको बजेट रकम लगायत संचालन हुन नसकेका योजनाहरुमा विनियोजन भएको बचत बजेटबाट सम्बन्धित योजनाहरुको भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश, बिराटनगरको च.नं.५०६ मिति २०८०।११।३० गतेको पत्रबाट आगामी आ.ब.२०८१।०८२ मा प्रदेश समपुरक अनुदान संचालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धको पत्र बैठकमा अवगत भयो ।उक्त सम्बन्धमा रामधुनी नगरपालिकाबाट आ.ब.२०८१।०८२मा प्रदेश समपुरक अनुदान अन्तर्गत देहाय बमोजिमका आयोजना/कार्यक्रमहरु संचालनका लागि प्रस्ताव तयार गरी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा पठाउने र प्रदेश समपुरक अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रको लागि रामधुनी नगरपालिकाबाट निम्न बमोजिमको लागत सहभागिता जनाउने प्रतिवद्धता गर्ने निर्णय गरियो ।

तपसिल

प्रदेश समपुरक अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमको विवरणः

| सि. नं. | आयोजना/कार्यक्रमको नाम र ठेगाना | प्रदेश समपुरक अनुदान रु. | नगरपालिकाको लागत सहभागिता रु. | कुल लागत अनुमान रु. |
|---|---|---|---|---|
| १. | अधुरो धुराहा स्टेडियम निर्माण, वडा नं.९ | १९५,००,०००।- | १,०५,००,०००।- | ३,००,००,०००।- |
| २. | लगौना कुमरखत धरान सडक कालोपत्रे, वडा नं.७ | १९५,००,०००।- | १,०५,००,०००।- | ३,००,००,०००।- |

निर्णय नं. ३

कोशी प्रदेश सभाबाट स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० जारी भएको सम्बन्धमा रामधुनी नगरपालिकाको संगठन विकास तथा सर्वेक्षण (O&M) माथि पुनरावलोन गर्नुपर्ने भएकोले चालु आ.ब.२०८०।०८१ मा विविध कार्यक्रम खर्च शिर्षकमा विनियोजित बजेट मध्येबाट रु.१,५०,०००।— विनियोजन गरी रामधुनी नगरपालिकाको संगठन विकास तथा सर्वेक्षण (O&M) पुनरावलोन गर्ने निर्णय गरियो ।

बैठक संख्या: ३४।२०८०
बैठक मिति: २०८०।१२।१५, समय: बिहान ११:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. ४**

सांग्रिला माइक्रो सिस्टम प्रा.लि.ले उपलब्ध गराएको सफ्टवेर प्रणालि मार्फत रामधुनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका ९ वटै वडा कार्यालयहरुले आन्तरिक आय संकलन कार्य गरिरहेको र कार्यालयबाट मिति २०७६।१२।०७ मा सफ्टवेर संचालन वापतको सेवा शुल्क रकम रु.२,५५,७८१।— भुक्तानी भएको, सांग्रिला इन्फटेक्स प्रा.लि.ले २०७९।०२।२६ गते आ.ब.२०७८।०७९ को सफ्टवेर संचालनको प्राविधिक सेवा शुल्क बापत रु.२,५९,२२२।—को बिल पेश गरेकोमा उक्त रकम भुक्तानी नभएको र मिति २०८०।१२।०९ गते देखि उक्त सफ्टवेर प्रणालिमा अवरुद्ध हुन गएकोमा कार्यालयबाट सांग्रिला माइक्रो सिस्टम प्रा.लि.संग प्रणालि सुचारु गर्न अनुरोध गर्दा आ.ब.२०७८।०७९, २०७९।०८० र २०८०।०८१ सम्मको प्रत्येक आर्थिक बर्षको रु.२,५९,२२२।—(भ्याट सहित) को दरले जम्मा रु.७,७७,६६६।—(भ्याट सहित) भुक्तानी पाउ भनि उक्त प्रा.लि.को पत्र प्राप्त हुन आएकोले चालु आ.ब.२०८०।०८१ मा संघीय सरकार राजस्व बाडफाड तर्फ सुचना प्रणालि तथा सफ्टवेर संचालन खर्च शिर्षकमा विनियोजित रकम रु.१०,००,०००।— मध्येबाट उक्त राजस्व सफ्टवेर प्राणाली संचालन प्राविधिक सेवा शुल्क वापतको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

चालु आ.ब.२०८०।०८१मा संघीय सरकार राजस्व बाँडफाड तर्फ नगर स्तरीय उपमेयर ब्याडमिन्टन प्रतियोगिता संचालन हाटखोलाको लागि रु.१,००,०००।— बजेट विनियोजन गरिएकोमा उक्त कार्यक्रम संचालन हुँदा सो रकम अपुग भएकोले चालु आ.ब. २०८०।०८१मा संघिय सरकार राजस्व बाँडफाड तर्फ कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट रु.१,००,०००।— थप बजेट विनियोजन गरी उक्त नगर स्तरीय उपमेयर ब्याडमिन्टन प्रतियोगिता संचालनमा भएको खर्चको भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

चालु आ.ब.२०८०।०८१मा नेपाल सरकार समानिकरण अनुदान तर्फ प्रस्तावित ईलाका प्रहरी कार्यालय व्यवस्थापनमा रु.५,००,०००।— बजेट विनियोजन भएकोमा प्रस्तावित ईलाका प्रहरी कार्यालय, झुम्का, सुनसरीको च.नं.१४९ मिति २०८०।१२।१३ गतेको पत्रबाट तपसिल बमोजिमका कार्यहरुको लागि बजेट बाँडफाड गरी खर्च गर्न प्रस्ताव पेश भएकोले सोही प्रस्ताव बमोजिम उक्त बजेट खर्च गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | शिर्षक | रकम (रु.) |
|---|---|---|
| १. | मसलन्द | १,००,०००/- |
| २. | फर्निसिङ्ग | ७०,०००/- |

CamScanner

| | | |
|---|---|---|
| ३. | फलामको स्टयाण्ड सहित पानी टयाङ्की | १,००,०००/- |
| ४. | सवारी मर्मत | १,३०,०००/- |
| ५. | इन्धन | ५०,०००/- |
| ६. | विविध | ५०,०००/- |

**निर्णय नं. ७**

रामधुनी नगरपालिका वडा नं. २ स्थित सुरेस साहको घरदेखि पण्डित चोक जाने सडकको २१६ चेनेज देखि २४८ चेनेज सम्मको सडक (देविलालको नयाँ घर देखी धनबहादुर नहर सम्मको सडक वडा नं. २) कालोपत्रे गर्न चालु आ.ब.२०८०।०८१ मा समपुरक कोष तर्फ विनियोजित रकम मध्येबाट रु.३,५०,०००।— विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

रामधुनी नगरपालिका ५ नं. वडा कार्यालयको च.नं. १२३२ मिति २०८०।०८।२८ गतेको पत्रबाट वडा नं. ५ अन्तर्गत सहकार्य टोल विकासमा बाटो मर्मत गरे वापत प्राविधिक मुल्याङ्कन बिल बमोजिमको रकम रु.८१,३६०।— चालु आ.ब.२०८०।०८१ मा मर्मत सम्भार शिर्षकमा विनियोजित रकम मध्येबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

चालु आ.ब. २०८०।०८१ मा नेपाल सरकार सशर्त पुजिगत अनुदान तर्फ नविकरणीय उर्जा प्रविधि जडान (बायोग्याँस/विधुतीय चुलो/सुधारिएको चुलो/सौर्य उर्जा) कार्यक्रमको लागि बजेट रु.८००,०००।— विनियोजन भई प्राप्त भएकोमा नगर कार्यपालिकाको मिति २०८०।११।२५ को निर्णय नं. ६ बाट बायोग्याँस निर्माण गर्न रु.३४०,०००।— विनियोजन भएकोमा देहायका वडाहरुमा बायोग्याँस निर्माण गर्ने निर्णय गरियो ।

| क्र.सं. | घरधनीको नाम, थर | वडा नं. |
|---|---|---|
| १. | जय बहादुर कार्की | रामधुनी वडा नं.-९, सितपुर |
| २. | कुलदिप चौधरी | रामधुनी वडा नं.-८ |
| ३. | चन्द्र प्रसाद तिम्सिना | रामधुनी वडा नं.-७ |
| ४. | मिश्रीलाल चौधरी | रामधुनी वडा नं.-१ |
| ५. | कुमारी विष्ट | रामधुनी वडा नं.-२ |
| ६. | गोपाल चौधरी | रामधुनी वडा नं.-३ |
| ७. | भुवन वि.क. | रामधुनी वडा नं.-४ |
| ८. | बुध नारायण साह | रामधुनी वडा नं.-६ |
| ९. | शिव प्रसाद गेलाल | रामधुनी वडा नं.-५ |

बैठक संख्याः ३४।२०८०
बैठक मितिः २०८०।१२।१५, समयः बिहान ११:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं. १०

रामधुनी नगरपालिकाको आ.व.०८०।०८१ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कृषि विकास शाखाबाट निम्न कार्यक्रमहरु कार्यान्वयन गर्न सुचना आव्हान गरिएकोमा सो सुचना वमोजिम सम्वन्धित सरोकारबालाहरु कृषक उद्यमी, कृषक समुह तथा निजी फार्महरुबाट रितपूर्व पर्न आएका प्रस्तावहरुको सम्बन्धमा रामधुनी नगरपालिका आर्थिक विकास समितिको मिति २०८०।११।१६ गतेको बैठकबाट देहायको अनुदानग्राही छनौट भई पेश हुन आएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिलः

छनौटमा परेका अनुदनग्राहीको नाम

कार्यक्रमको नाम : रबर खेति प्रवर्धन कार्यक्रम (८५% अनुदान)

आ. व. २०८०।०८१

| क्र.सं | अनुदानग्राहीको नाम | ठेगाना | सम्पर्क नं.. |
|---|---|---|---|
| १ | श्री रामधुनी हरियाली सामुदायिक वन उपभोक्ता समुह | रामधुनी ८ | ९८२४३४४४१९ |

कार्यक्रमको नाम : मेयर पकेट कृषि कार्यक्रम वडा न. २ (८५% अनुदान)

आ. व. २०८०।०८१

| क्र.सं | अनुदानग्राहीको नाम | ठेगाना | सम्पर्क नं.. |
|---|---|---|---|
| १ | श्री शिवनगर बहुउदेश्य कृषि समुह | रामधुनी २ | ९८०७९१५९४१ |

कार्यक्रमको नाम : पकेट विकाश कार्यक्रम निरन्तरता मकै बाली (५०% अनुदान)

आ. व. २०८०।०८१

| क्र.सं | अनुदानग्राहीको नाम | ठेगाना | सम्पर्क नं.. |
|---|---|---|---|
| १ | श्री डुम्राहा कृषक समुह | रामधुनी ९ | ९८४२१७६९७६ |

कार्यक्रमको नाम : अनुदानमा धान काटने रिपर मेशिन वितरण (५०% अनुदान)

आ. व. २०८०।०८१

| क्र.सं | अनुदानग्राहीको नाम | ठेगाना | सम्पर्क नं.. |
|---|---|---|---|
| १ | श्री झुम्का अर्गानिक कृषि फर्म प्रा.ली. | रामधुनी ८ | ९८४२३०७८१२ |
| २ | श्री शम्भु प्रसाद वाग्ले | रामधुनी ६ | ९८५२०७५५२० |

वैकल्पिक अनुदानग्राहीको विवरण

| क्र.सं | अनुदानग्राहीको नाम | ठेगाना | सम्पर्क नं.. |
|---|---|---|---|
| १ | श्री सितपुर कृषि तथा पशुपालन समुह | रामधुनी ९ | ९८४२१७७५९२ |

CamScanner

बैठक संख्या: ३४।२०८०

बैठक मिति: २०८०।१२।१५, समय: बिहान ११:०० बजे

स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

कार्यक्रमको नाम: स्यालो टुयुबेल तथा मोटर जडान कार्यक्रम (७५% अनुदान) आ.ब.२०८०।०८१

| क्र.सं. | कृषक/कृषक समुह/सहकारी/फर्मको नाम | ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | अनिता कुमारी चौधरी | रामधुनी - १ | ९८४२०५८८३६ |
| २ | रामधुनी कृषि फर्म प्रा .ली. | रामधुनी - २ | ९८१४३४६२५० |
| ३ | याम बहादुर कमर | रामधुनी - २ | ९८४२१०३८८२ |
| ४ | बिमला कुमारी मृघ | रामधुनी - २ | ९८०४०४०६९४ |
| ५ | हरेराम पराजुली | रामधुनी - ३ | ९८६००१४८४६ |
| ६ | सुरेन्द्र रिजाल | रामधुनी - ३ | ९८४२०६१३९८ |
| ७ | मेघराज बस्नेत | रामधुनी - ४ | ९७६५२३६०२९ |
| ८ | पुर्ण बहादुर खडका | रामधुनि - ४ | ९८१७३९३७३९ |
| ९ | रितेस चौधरी | रामधुनी - ५ | ९८५२६२५१०७ |
| १० | सितल किरण कृषि फर्म | रामधुनी - ६ | ९८१७३३३३१० |
| ११ | लखन साहु | रामधुनी - ६ | ९८१०५७६४६२ |
| १२ | दिनेश्वरी चौधरी | रामधुनी- ६ | ९८४१३६५४५९ |
| १३ | भोला प्रसाद साहु ( तेली ) | रामधुनी - ८ | ९८४२३९९४९० |
| १४ | मिथिला कृषक समुह | रामधुनी - ८ | ९८१५३२१४०८ |
| १५ | सोर नम्बर कृषक समुह | रामधुनी - ८ | ९८२५३६५३६० |
| १६ | लगनशिल बहुउदेश्य कृषक समुह | रामधुनी - ८ | ९८०७३८२६६२ |
| १७ | सयपत्री कृषक समुह | रामधुनी - ८ | ९८४२१७९५२९ |
| १८ | संजय कुमार चौधरी | रामधुनी - ९ | ९८६९५५४००८ |
| १९ | भोला पौडेल | रामधुनी - ९ | ९८५२०४६१९३ |
| २० | ज्ञान देब चौधरी | रामधुनि - ९ | ९८२८००४९९३ |
| २१ | चन्द्रकान्त चौधरी | रामधुनी - ९ | ९८००९५९४८७ |
| २२ | बिनदेश्वर ठाकुर | रामधुनी - ९ | ९८१४३६८९९६ |
| २३ | त्रिलोकी नाथ चौधरी | रामधुनी - ९ | ९८०७३११५७८ |
| २४ | नवोदय कृषक समुह | रामधुनी - ९ | ९८१५३७३५२५ |
| २५ | प्रमिला देबी घिमिरे | रामधुनी - ९ | ९८५२०४१२८८ |
| २६ | पुनम भगत | रामधुनी - ९ | ९८४३००१२७० |
| २७ | राजा कृषि फर्म | रामधुनी - ९ | ९८१५३४६८५६ |

<u>बैकल्पिक अनुदानग्राहीको विवरण</u>

| | | | |
|---|---|---|---|
| १ | अनिता आर्चाय | रामधुनी - २ | ९८१८१९४४५८ |
| २ | सुनिल कुमार चौधरी | रामधुनी - ६ | ९८४१३६५४५९ |

बैठक संख्याः ३४।२०८०
बैठक मितिः २०८०।१२।१५, समयः बिहान ११:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.११**

रामधुनी नगरपालिकाबाट संचालन गरिने योजनाहरुको सम्वन्धमा प्राविधिक कर्मचारीहरु बारम्बर साइट निरीक्षण, योजनाको नापजाँच, सुपरिभिजन लगायतका कार्यमा कार्यालय समयको अतिरिक्त समय विहान, बेलुका एवम् विदाको दिनमा समेत फिल्डमा खटिई कार्य सम्पादन गर्नु पर्ने भएको र फिल्डमै चिया, खाजा, खाना समेत खानु पर्ने भएकोले चालु आ.ब.२०८०।०८१ मा संचालित योजनाहरुको कन्टेन्जेन्सी रकमबाट रामधुनी नगरपालिकाको कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्वन्धी कार्यविधि, २०७८ मा व्यवस्था गरिएको सिमाको अधिनमा रही २०८०।०८१ मा प्रति प्राविधिक कर्मचारीलाई मासिक रु.१५,०००।— को दरले, ज्यालादारीमा कार्यरत प्राविधिक कर्मचारीलाई मासिक रु.१०,०००।— को दरले प्रोत्साहन स्वरुप फिल्ड खर्च उपलब्ध गराउने साथै कार्यालय समयको अतिरिक्त समयमा विहान, बेलुकी, विदाको दिनमा समेत कार्य गर्नु पर्ने प्रकृतिका कर्मचारी प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत लगायत लेखा शाखामा कार्यरत कर्मचारी, योजना शाखामा कार्यरत कर्मचारीलाई प्रोत्साहन स्वरुप सुरु तलब स्केलको २५ प्रतिशतको दरले मासिक प्रोत्साहन भत्ता उपलब्ध गराउने र योजना शाखामा कार्यरत जिवन चौधरीलाई खाना, खाजा खर्च वापत मासिक रु.८,०००।— को दरले उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२**

निम्न बमोजिमको व्यक्तिरसंस्थालाई चालु आ.व. २०८०|०८१ मा आर्थिक सहायता शिर्षक/सम्वन्धित कार्यक्रमको शिर्षकमा विनियोजित बजेट मध्येबाट निम्न बमोजिम आर्थिक सहायता/राहात उपलब्ध गराउने निर्णय गरियो |

**तपसिल**

| क्र.स. | आर्थिक सहायता प्रदान गरिने व्यक्ति/संस्थाको नाम,थर /ठेगाना | आर्थिक सहायता प्रदान गर्नुपर्ने कारण | सम्बन्धित वडा/व्यक्ति/संस्थाको सिफारिस पत्रको च.नं. र मिति | आर्थिक सहायता/राहात रकम/जिन्सी |
|---|---|---|---|---|
| १. | रक्सु चौधरी, वडा नं.३ | रामजानकी मन्दिरमा अष्टजाम कार्यक्रम वापत, वडा नं.३ | च.नं.२०५३/२०८० ।१२।०४ | रु.१०,०००/- |
| २. | सर्मिला चौधरी, वडा नं. २ | होली संस्कृतिक कार्यक्रम, | च.नं.१५०२/२०८० ।१२।०५ | रु.२०,०००/- |
| ३. | रामकुमार चौधरी , वडा नं.७ | छोरीको उपचार खर्च सहयोगत | च.नं.१६६६/२०८० ।१२।१३ | रु.५,०००/- |
| ४. | भद्र सिंह भुजेल, वडा नं.७ | हात्तीले क्षति पुर्याएको राहात | | रु.१५,०००/- |
| ५. | लक्ष्मी राइ, वडा नं.७ | स्वास्थ्य उपचारमा सहयोग | | रु.१५,०००/- |



CamScanner

बैठक संख्याः ३४।२०८०
बैठक मितिः २०८०।१२।१५, समयः बिहान ११:०० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. १३**

जिल्ला प्रशासन कार्यालय, सुनसरीको प.सं.२०८०।०८१(मुद्दा) च.नं.१९१४ मिति २०८०।१२।०८ गतेको छानविन गरी प्रतिवेदन पेश गर्ने विषयक पत्रबाट सुचना प्रविधि अधिकृत छैटौं तहको सेवा करारमा पदपूर्ति गर्नका लागि सञ्चालन भएको लिखित तथा प्रयोगात्मक परिक्षामा अनियमितता गरेको भन्ने व्यहोरा समेतको उजुरी उपर आवश्यक कारबाही गर्नु हुन भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीको प.सं. संघीय/स्थानीय/८०८१०-०५५१८६/०८०/०८१ च.नं.ITH-८०८१-५०९६९ मिति २०८०।१२।०६ को पत्रबाट लेखि आएको हुँदा सो सम्बन्धमा के भएको हो छानबिन गरी सो को प्रतिवेदन पठाई दिनु हुन उजुरीको छायाँप्रति पाना १ यसै पत्रसाथ पठाइएको भन्ने व्यहोरा उल्लेख भई आएको विषय वैठकमा जानकारी भयो । उक्त सम्बन्धमा के कसो भएको हो सत्य तथ्य छानविन गरी ७ दिन भित्रमा प्रतिवेदन गर्न देहाय बमोजिमको छानविन समिति गठन गर्ने निर्णय गरियो ।

**छानविन समिति**

१. श्री सुरेन्द्र सिंह खवास, ८ नं. वडाका वडाध्यक्ष — संयोजक
२. श्री रामनारायण चौधरी, २ नं. वडा वडाध्यक्ष — सदस्य
३. श्री लेखनाथ बास्तोला, ५ नं. वडा वडाध्यक्ष — सदस्य

**निर्णय नं. १४**

रामधुनी नगरपालिका वडा नं.१ मा स्थित हाटखोला कृषि बजारमा रहेको सटर नं. ७ मा रामधुनी न.पा.वडा नं.१ बस्ने रामकुमार साहले कपडा पसल संचालन गर्दै आएकोमा निजको परिवारिक सदस्यमा स्वास्थ्य समस्या भई सो पसल रामधुनी न.पा. वडा नं. ५ बस्ने विनोद कुमार साहलाई विक्री गर्ने भएकोले मिति २०८१ बैशाख १ गते देखि उक्त सटरको सम्झौताको नामसारी गर्ने निर्णय गरियो ।यस उपरान्त उक्त स्थानमा रहेको सटहरु खाली गर्ने भएमा सम्बन्धित व्यवसायीले उक्त सटर खाली गरीनगरपालिकालाई जिम्मा लगाउने निर्णय गरियो ।

**निर्णय नं. १५**

रामधुनी नगरपालिका, नगर कार्यपालिकाको कम्पाउण्ड भित्र चमेना गृह संचालनको लागि पेश भएको दर रेट स्वीकृत गरी कार्यालयले सिलबन्दी दरभाउ पत्र आवहान गरी क्यान्टिन संचालनको बन्दबस्तो मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १६**

रामधुनी नगरपालिका वडा नं. ५ मा संचालित झुम्का आधारभूत अस्पताललाई स्तरोन्नती गरी प्रभावकारी रुपमा संचालन गरी नगर बासीहरुलाई स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक भएकोले १ नं. वडा कार्यालय संचालन रहेको भवनमा झुम्का आधारभूत अस्पताललाई स्थानान्तरण गर्ने र उक्त अस्पतालको स्तरोन्नतीमा सहयोग गर्न चतरा अस्पतालका निर्देशक श्री मोहन सुबेदीबाट विज्ञको परामर्श सेवा लिने निर्णय गरियो ।



CamScanner

**बैठक संख्याः ३४।२०८०**
**बैठक मितिः २०८०।१२।१५, समयः बिहान ११:०० बजे**
**स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल**

**निर्णय नं. १७**

सुनसरी जिल्लाको वराहक्षेत्रमा आयोजित महाकुम्म मेलामा तिर्थालुहरुलाई आवत जावत गर्न सहजता पुगोस भन्ने उद्देश्यले वडा नं.३ स्थित चतरा मुल नहरको खालडा खुलडी मर्मत गर्न चालु आ.ब.२०८०।०८१ समपुरक कोषमा विनियोजित बजेट रकम मध्येवाट रु.२,००,०००।— बजेट विनियवजन गरी उक्त कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

रामधुनी नगरपालिका वडा नं. १ मा निर्माणाधिन शनि मन्दिरको मुर्ती लिनको लागि भारतको बनारससम्म १ नं. वडाका वडाध्यक्ष समेतको टोली जाने भएकोले उक्त मुर्ती ल्याउन सवारी साधनको भाडा बापत रु.६०,०००।— चालु आ.व.२०८०।०८१को विविध कार्यक्रम शिर्षकमा विनियोजित बजेट मध्येबाट भाडा रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १९**

विधायन समितिको काममा समन्वय एवम् सहजिकरण लगायतको कार्य सम्पादन गर्नको लागि अधिकृत श्री सुबोध निरौलालाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

रामधुनी नगरपालिका वडा नं. ७ स्थित चौसठ्ठी विघामा रहेको वस्तिको समस्या समाधानमा सहजिकरण गर्नको लागि कार्यपालिका सदस्य श्री सोमकुमारी सुनुवारको संयोजकत्वमा देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

१. श्री सोमकुमारी सुनुवार, का.पा.सदस्य — संयोजक
२. श्री राजेश कुमार लिम्बु, वडा नं.७ — सदस्य
३. श्री संजय सिजापति, वडा नं.७ — सदस्य
४. श्री बेदराज लिम्बु, वडा नं.७ — सदस्य
५. श्री हरीमान लिम्बु, वडा नं.७ — सदस्य
६. श्री विष्णु कुमार लिम्बु, वडा नं.७ — सदस्य



CamScanner